सेयर लगानीकर्ता एकता समिति

Investor's Unity Committee

सम्माननीय प्रधानमन्त्रीज्यू

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार २०७९।०५।१४

ध्यानाकर्षण पत्र

नेपालको पूँजी बजारलाई नीति, नियम, प्रविधि, पुर्वाधार र सही नियमद्धारा समुन्नत पारी लगानीकर्ताको हित संरक्षणको दरिलो आधार तय गर्न १० दिनसम्म हामीले गरेको आमरण अनशनको जगमा प्रधानमन्त्रीज्यूको हस्तक्षेपपछि नेपाल धितोपत्र बोर्ड र हामीबीच १९ बुँदे सहमति भएको विदितै छ ।

सोही सहमति कार्यान्वयनको सिलसिलामा ब्रोकर लाईसेन्स सम्बन्धी धितोपत्र बोर्डले गरेको नीतिगत प्रस्ताव मन्त्रिपरिषद बैठकमा गएर रोकिएको र सरकारकै केही मन्त्रिहरुका तर्फबाट त्यसलाई असफल पार्ने भुमिका खेलिएकोमा हामी ५३ लाख लगानीकर्ताहरु आक्रोशित भएका छौ ।

खुला बजार अर्थनीतिको हिमायती नेपाली काँग्रेस सरकारमा भएको र यातायात लगायतका अरु क्षेत्रमा सिण्डिकेट समाप्त भईसकेको अवस्थामा पूँजी बजार जस्तो क्षेत्रलाई स्वतन्त्र छाड्नुपर्ने र धितोपत्र बोर्डलाई पूर्ण स्वायत्त पार्नुपर्नेमा उल्टै सिण्डिकेट लादिरहने नीति लिनु आपत्तिजनक कुरा हो । १० बर्ष अघि १० लाख भन्दा कम लगानीकर्ता सेयर बजारमा रहेको बेला पनि ५० वटा ब्रोकर रहनु र अहिले ५३ लाख लगानीकर्ता पुगिसक्दा पनि तिनै ५० वटाले सिण्डिकेट कायम गरिराख्ने, खुला प्रतिस्पर्धामा अरु सक्षम ब्रोकर आउनै नदिनु, बजारलाई सिमित ब्रोकरले खेलाईरहने अस्वस्थ खेल मैदान बनाईरहनु र हामी लगानीकर्ता प्रताडित भईरहनुपर्नु हदै अन्यायपूर्ण कुरा हो । यसले पूँजी बजारको र विस्तारलाई अवरुद्ध पारिरहेको छ ।

धितोपत्र बोर्डले गरेको प्रस्ताव तत्काल स्वीकृत गरी पूँजी बजारको विकास र विस्तारमा सघाउनुपर्ने सरकारकै तर्फबाट उल्टै व्यवधान खडा गरी चुनावको मुखमा ५० जना ब्रोकरको प्रभावमा परी हामी ५३ लाख लगानीकर्ताहरुलाई आक्रोशित पार्ने र विरोधी बनाउने घोर

जनविरोधी कार्यलाई तत्काल सच्चाई आम चुनावमा सबै लगानीकर्ताहरुको मत प्रधानमन्त्री शेरबहादुर देउवाकै सरकारले पाउने वातावरण बनाउन आग्रह गर्दछौ ।

यदि आउने बिहीबारसम्ममा धितोपत्र बोर्डको प्रस्ताव स्वीकृत भई कार्यान्वयनमा नआएमा र अरु सहमतिका बुँदाहरु कार्यान्वयनको भरपर्दो प्रयास शुरु नभएमा हामी लगानीकर्ताहरुले वर्तमान सत्ताधारी पार्टी र मन्त्रीहरु विरुद्ध आन्दोलन थाल्नुका साथै चुनावी अभियान समेत संचालन गरी विकल्प खडा गर्ने चेतावनी दिन चाहन्छौ ।

सेयर लगानीकर्ता एकता समितिको तर्फबाट

तिलक कोइराला

नयन बास्तोला

सुरज खड्का

बेनिमाधव बस्याल

रामनाथ यादव

श्याम ढकाल

पुरुषोत्तम कडेल

मिलन पौडेल

विकास श्रेष्ठ

खोमनाथ प्याकुरेल

नरेश मानन्धर

हरिप्रसाद सापकोटा

माधव गौतम

प्रकाश रजौरे

मुक्ति अर्याल Sd

विष्णुप्रसाद बस्याल

बालकृष्ण न्युरे

कमलराज अधिकारी

एलपी साह

प्रकाश सापकोटा

डेगबहादुर कार्की

बुद्धिसागर डुम्रे

भुवन ढुंगाना

रुपक बुढाथोकी

लक्ष्मण बन्जारा

घनश्याम पाण्डे

अमिर गमाल

नानीबाबु खरेल

बोधार्थ:

१. नेपाल स्टक एक्सचेन्ज, सिंहदरबार

२. नेपाल धितोपत्र बोर्ड, खुमलटार

३. अर्थ मन्त्रालय, सिंहदरबार